| | |
|---|---|
| # प्रवाह | मण्डलीमा आत्मिक वृद्धिको प्रारम्भ |
| रेभ. पावल बकनेल | |

# परमेश्वरले तैयार पार्नुभएको मण्डलीको स्वरुप

## एफिसी ४:११-१३

तपाईँले मण्डलीको वारेमा के सोंच्नुहुन्छ ?

- केहीले ठुलो कुरो हो भन्ने सोंच्छन् ।
- अरुहरु निरास हुन्छन् ।
- हामी मण्डलीको स्वरुप यस्तो भए त एकदमै राम्रो हुने थियो भन्ने वारे के सोंच्छौं ?
-

परमेश्वरले तैयार पार्नुभएको मण्डलीको स्वरुप - तालिमको उद्धेश्य

- रुपरेखा
- तिनवटा मुख्य वुंदाहरु (तल हेर्नुहोस्)

१. परमेश्वरको प्रयत्न : परमेश्वरले मण्डलीलाई कसरी सहायता गर्नुहुन्छ ? (४:११)
अनि उहाँका बरदानहरु चाहीँ यिनै थिए, कि कोही प्रेरितहरु, कोही अगमबक्ताहरु, कोही प्रचारकहरु, कोही मण्डलीका पाष्टरहरु र कोही शिक्षकहरु वनून् ।
परमेश्वरले केही मानिसहरुलाई विशेष सेवाको निम्ति वोलाउनु हुन्छ ।

- परमेश्वरद्धारा योजना बनाईएको
- सबैले प्रष्टसित परमेश्वरको बचन सञ्चार गर्दछन् ।
- भिन्न भिन्न लक्षित समुह

निष्कर्षः परमेश्वरले हाम्रो समुदायको बिचबाट अगुवाहरुलाई बोलाउनु हुनेछ र खडा गर्नुहुनेछ ।

२. परमेश्वरको उद्धेश्य : यसको निमित्त परमेश्वरको उद्धेश्य के हो ? (४:१२)
ख्रीष्टको शरिर निर्माण होस् र सेवाको काम गर्न सन्तहरु सुसज्जित होऊन् ।

परमेश्वरले उहाँका सबै मानिसहरुलाई सुसज्जित गरेर सेवाको काममा सक्षम तुल्याउनु हुन्छ ।

- सुसज्जित हुन आवश्यक
- सेवागर्ने जिम्मेवारी
- ख्रीष्टको पूर्णतामा र उहाँका मानिसहरुद्धारा

निष्कर्ष : हामिले अगुवाहरुलाई जति असल तरिकाबाट प्रशिक्षित गर्छौं हाम्रो प्रभावकारिता त्यसैमा निर्भर गर्दछ ।

३. परमेश्वरको आशा : परमेश्वरले मण्डलीबाट के आशा गर्नुहुन्छ ? (४:१३)

जवसम्म हामी सबैले बिश्वासको र परमेश्वरका पूत्रको ज्ञानको एकता प्राप्त गर्दैनौं, र परिपक्व मानिस बनी ख्रीष्टको पूर्णताको नापसम्म पुग्दैनौं ।
परमेश्वरले सारा शरिर ख्रीष्टको पूर्णतामा जिएको चाहनु हुन्छ ।

- बिश्वासको एकता प्राप्त गर्नु
- परमेश्वरको पूत्रको ज्ञान प्राप्त गर्नु
- ख्रीष्टको पूर्णता : परिपक्वता प्राप्त गर्नु
- निष्कर्ष: अब परमेश्वरले उहाँको शरिरमा ख्रीष्टको महिमा प्रकट भएको चाहनु हुन्छ । यसको मतलब यो हो कि परमेश्वरले मानिसहरुमा उहाँको महिमा होस् भन्ने मौकाको प्रतिक्षा गरिरहनु भएको छ ।

## संक्षेपमा परमेश्वरको मण्डलीको स्वरुप

एफिसी ४:११-१६ को खण्ड क्रुस पछीको बाईबलमा भएको सबैभन्दा महत्वपूर्ण सन्देश हो । हामीले परमेश्वरले ख ्रीष्टमा मण्डलीको निमित्त के गर्नु भएको छ भन्ने कुरा बुझेर मात्र हुँदैन हामिलाई उहाँले के को निम्ति बचाउनु भयो सो पनि बुझ्नु पर्दछ ।

- परमेश्वरसित उहाँले हाम्रो निम्ति गर्ने विशेष काम छ ।
- परमेश्वरले सो काम गर्नको लागि हामिलाई विशेष प्रकारले सुसज्जित पार्नु भएको छ ।
- त्यो सेवामा हरेक इसाई सहभागि हुनुपर्छ ।
- यि सम्पूर्ण कुराहरु समावेश भएमा मात्र हाम्रो कामहरु एकदमै महान हुन्छ ।

## उपयोग:

- ♦ के तपाईंलाई परमेश्वरले  अरुलाई सुसज्जित पार्न वोलाउनु भएको छ ? के तपाईं सो बोलावटको बिश्वासयोग्य हुनुहुन्छ ?
- ♦ के तपांईसित सिक्ने मनोबृत्ति छ ? के तपाईं उत्सुकतापूर्बक सुसज्जित हुनलाई प्रतिक्षा गरिरहनु भएको छ ?
- ♦ तपाईं कहाँ सेवा गर्दै हुनुहुन्छ ? के तपाईंसित परमेश्वरले तपाईंलाई अरुलाई सहायता गर्नको लागि उहाँले तपाईंको जीवनद्वारा निरन्तर काम गरिरहनु भएको छ भन्ने अनुभुति छ ?
- ♦ के सबैजनाको सहभागिता हुनुपर्छ भन्ने कुरा तपाईंलाई महत्वपूर्ण लाग्छ ? हामी कहाँ नेर केही व्यक्तिहरु लाई उपेक्षा गर्ने ईच्छा गरिरहेका छौं ? हामीले पश्चात्ताप गर्नु जरुरी छ ।